ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 1 Year: 2024
************************************

# नेपालको राणाकालीन उच्चशिक्षा

**तेजबहादुर के.सी[1]**

# Higher Education during the Rana Era of Nepal

Tej Bahadur KC[1]

[1]Associate Professor, Faculty of Education, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
[1]Corresponding Author: tejbdrkc243@gmail.com
*DOI: https://doi.org/10.3126/academia.v3i1.61275*
Article History: Received: Sept. 21, 2023 Revised: Nov. 7, 2023 Received: Dec. 12, 2023

**शोधसार**

शिक्षा जीवनपर्यन्त निरन्तर चलिरहने प्रकृया हो । सामान्यतः शिक्षाको अर्थ सिकाइ भन्ने हुन्छ । सिकाइ प्रकृति र समाजसँग समायोजन हुन जान्ने सिप सिकाउने प्रकृया हो । हरेक प्रणालीले यो संसारमा समायोजन भई जीवनयापन गर्न सामर्थ्यको विकास गर्नुपर्ने हुन्छ । मानिस बाहेक अन्य प्राणीहरुलाई वंशाणुगत गुण, जसलाई जन्मजात गुण भनिन्छ, त्यसको परिपक्कतासँगै हुने विकासले आफ्नो ब्यवहार चलाउन पुग्छ । तर मानिस सचेत प्राणी हो । जसको उच्चतम सचेत क्षमताको विकास आर्जित शिक्षाले मात्र गर्ने गर्दछ । आर्जित शिक्षामा पनि विश्वव्यापी मान्नेता प्राप्त संस्थागत शिक्षा, जसलाई औपचारिक शिक्षा भन्ने गरिन्छ । यही औपचारिक शिक्षाको उपल्लोतहलाई उच्च शिक्षा भन्ने गरिन्छ । कस्तो प्रकारको शिक्षालाई उच्च शिक्षा मान्ने, त्यसको स्तर निर्धारणको मापदण्ड र मूल्याङ्कनको आधार केलाई मान्ने भन्ने कुरा समय सापेक्ष बदलिदो देखिन्छ । संसारमा जसरी उच्च शिक्षाको विकास भैरहेको थियो नेपालमा पनि त्यसरी नै त्यही प्रकृयामा उच्च शिक्षाको विकास नभएको भए तापनि नेपाल उच्च शिक्षाको क्षेत्रमा अनविज्ञ थियो भन्न मिल्दैन । लिच्छविकाल र मल्लकालमा निर्माण गरिएका कलाकौशल, मठमन्दिर, पाटीपौवा, शिलालेख र इतिहासमा उल्लेखित मानगृह, कैलासकुट भवन र भद्राधिवास जस्ता दरबार र अन्य भवनहरुको निर्माण आजको उच्च इन्जिनियरिङ शिक्षाको समकक्षताको बलियो प्रमाण हो । नेपालमा औपचारिक उच्च शिक्षाको सुरुवात भने वि.सं.१९७५मा राणा प्रधानमन्त्री चन्द्र शमशेरले स्थापना गरेको त्रिभुवन चन्द्रशमशेर कलेज हालको त्रिचन्द्र क्याम्पस हो । वि.सं.२००७ सालसम्म आइपुग्दा नेपालमा यदाकदा विश्वविद्यालय स्थापना गर्ने कुरा चल्ने गरेको र सामान्य समिति गठन हुने बाहेक उच्च शिक्षा विकासमा खासै काम हुन सकेको देखिँदैन । वि.सं.२००७ सालसम्म नेपालमा जम्मा दुईवटा कलेजहरु मात्र स्थापना भएका थिए । प्रस्तुत अध्ययनमा त्यही वि.सं.२००७ सालभन्दा अगाडिको नेपालको उच्च शिक्षाको विकासको अवस्था बारे जानकारी दिने प्रयास गरिएको छ ।

*शब्द कुञ्जिका* : सधोबधु, ब्रम्हवादिनी, आशक्तता, विजारोपण, कोसेढुङ्गा ।

## Abstract

Education is a lifelong process. Education generally means learning. Learning is the process of learning the skills to adapt to nature and society. Every system has to develop the ability to adapt and live in this world. Other than human beings, the hereditary qualities, which are called innate qualities, develop along with their maturity to control their behavior. But man is a conscious animal, whose highest conscious ability is developed only through acquiring education. Institutional education, which is known as formal education, is universally recognized in acquired education. This level of formal education is called higher education. What kind of education is considered as higher education, the standard of determining its level and what is considered as the basis of evaluation, seems to change over time. Even though higher education was not developed in the same way in the world as higher education was developing in Nepal, it cannot be said that Nepal was ignorant in the field of higher education. The construction of

palaces and other buildings such as palaces, temples, Patipauwa, inscriptions and history mentions, Kailasakut Bhavan and Bhadradhivas are a strong evidence of the equivalence of today's higher engineering education. The beginning of formal higher education in Nepal is the Tribhuvan Chandra Shamsher College established by Rana Prime Minister Chandra Shamsher in the year 1975. It is the present Trichandra Campus. By the year 2007 B.S., it seems that nothing much has been done in the development of higher education except for the establishment of a university in Nepal and the formation of a general committee. Till 2007 B.S., only two colleges were established in Nepal. In the present study, the same an attempt has been made to provide information about the state of development of higher education in Nepal prior to 2007 B. S.

*Keywords:* Devottee, Ascetic, Enthrallment, Genesis, Milestone

## परिचय

मानिस चेतनशील प्राणी हो । मानिसलाई चेतनशील प्राणी बनाउने प्रमुख आधार उच्चतम ज्ञान र सिपको स्रोत शिक्षा नै हो । 'शिक्षा प्रकृतिसँग समायोजन हुन सिकाउने कला हो । शिक्षाले ब्रम्हाण्ड अर्थात् यस विश्वमा कसरी समायोजन हुने र प्रकृतिमा रहेका पदार्थहरुको कसरी उच्चतम प्रयोग गर्न सकिन्छ भन्ने कुरा सिकाउँदछ (वाग्ले र कार्की, २०५२ : २०) ।' शिक्षाको सुरुवात मानव जातिको विकाससँगै भएको मानिन्छ । 'शिक्षाले जहिले पनि मानव जीवनको बौद्धिक परिवर्तनमा भूमिका निर्वाह गर्दछ । यसै कुरालाई ग्रीक दार्शनिक हिराक्लिटसले भनेका छन् 'एउटा नदीमा दुईपटक कदम राख्न सक्दैनौ किनभने हामीसँग जहिले पनि ताजा पानी प्रवाहित भइरहनेछ' (सिहं, २०६६ :९) ।' त्यसरी नै शिक्षा पनि जहिलेसम्म ताजा रहन्छ त्यतिबेलासम्म मात्र प्रचलनमा रहन्छ । संसारमा मानिसको सङ्ख्या थपिदै जान्छ, र थपिदो सङ्ख्यासँगै मानिसका आवश्यकता, चाहाना र रुचीहरु पनि थपिन थाल्छन् । यसरी थपिने समस्याको समाधान गर्ने दायित्व शिक्षाको काँधमा अडेको हुन्छ । यसरी आइपर्ने समस्याहरु मध्ये जोसुकै व्यक्तिले सजिलैसँगै समाधान गर्न सक्ने समस्यासँग सम्बन्धित ज्ञानलाई सामान्य वा आधारभूत ज्ञान वा शिक्षा भनिन्छ भने जटिल समस्यासँग सम्बन्धित उच्चतम तहको ज्ञान तथा सिपलाई उच्च शिक्षा भनिन्छ । यस्ता सबैप्रकारका उच्च शिक्षाको अनुभव र जानकारी प्राप्त गरेका व्यक्तिहरु दार्शनिक कहलिन्छन् । दार्शनिक प्लेटोले भनेका छन् । 'ज्ञान प्राप्त गरेर कहिल्यै सन्तोष नमान्ने वा नअघाउने व्यक्ति नै दार्शनिक हो (वाग्ले र कार्की, २०५२ :७) ।' उच्च शिक्षा भनेर कस्तो शिक्षालाई भन्ने ? शिक्षा सिकाई वा ज्ञान हो कि मान्यता हो ? औपचारिक संस्थाबाट दिएको ज्ञान सिप वाहेक अन्य सिकाइलाई शिक्षा मान्ने कि नमान्ने ? संसारमा उच्च शिक्षाको सुरुवात कहाँबाट र कहिलेदेखि भएको थियो ? भन्ने जस्ता अनेकन प्रश्नहरुको उत्तर निर्धक्क साथ दिन सकिने अवस्थामा छैन । पौराणिक कालको पुराणमा उच्च शिक्षाको उद्देश्य ज्ञान र सिपको विकास गर्नु रहेको देखिन्छ ।

मानव विकासको क्रमसँगै समाजका अध्यनशील मानिसहरुले प्राप्त गरेको उच्च तहको ज्ञान र सिप नै उच्च शिक्षा थियो । नेपालमा उच्च शिक्षाको विकास परापूर्व कालदेखि नै भएको थियो तापनि आधिकारिक रुपमा औपचारिक तरिकाले उच्च शिक्षाका केन्द्रहरु नखुलेका र शिक्षा आर्जन गरेको प्रमाणित हुनेगरी औपचारिक तरिकाले प्रमाण पत्र दिने व्यवस्था नभएकोले इतिहासमा उच्च शिक्षा ओभ्रेलमा परेको दखिन्छ । प्रमाणित तथ्यको आधारलाई हेर्ने हो भने नेपालमा औपचारिक शिक्षाको सुरुवात वि.सं. १९१० को दरबार स्कुलको स्थापना हो भने वि.सं.१९७५ सालको त्रिभुवन चन्द्रशमशेर कलेजको स्थापना औपचारिक उच्च शिक्षाको सुरुवात हो । उच्च शिक्षा, शिक्षा प्राप्तिको माथिल्लो तह हो, उच्च शिक्षाको आर्जनले व्यक्तिको बौद्धिक स्तरलाई उकास्नुका साथै सामाजिक गतिशीलतामा मद्दत पुगेको हुन्छ, जुन राष्ट्रमा उच्च शिक्षाको विकास भएको छ तिनै राष्ट्रहरु विज्ञान र प्रविधिका क्षेत्रमा निकै अगाडि रहेको पाइन्छ । यस अध्ययनको मुख्य उदेश्य वि.सं.२००७ साल पूर्व नेपालको उच्च शिक्षाको विकासको अवस्था उजागर गर्नु रहेको छ ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 1 Year: 2024

## अध्ययन विधि

कुनै पनि अनुसन्धानको विश्वसनीयता त्यसको अध्यन विधिमा अडेको हुन्छ । अध्यन विधि लेखमा समावेश गरिएका सम्पूर्ण विषयवस्तुहरुको सङ्कलक र सङ्कलन गरिएका विषयवस्तुहरु चिरफार गरी सत्यको अनुभुति गराउने कसी हो । विज्ञानको अनुसन्धानमा प्रयोगशाला पद्धतिको प्रमुख भूमिका हुन्छ र विषयवस्तुलाई तथ्यले पुष्टि गरिन्छ भने सामाजिक विज्ञानका विषयहरुमा थोरै तथ्य र धेरै तर्कको प्रयोग गर्नु पर्ने हुन्छ । जबसम्म ती तर्कहरुका विरुद्ध त्यो भन्दा बलिया र विश्वसनीय तर्क आउँदैनन् तबसम्म प्रस्तुत गरिएको तथ्य नै सत्य मानिन्छ । प्रस्तुत लेख सामाजिक विज्ञानअन्तर्गतको इतिहास विषयसँग सम्बन्धित भएकाले यसको अध्यनमा द्वितीय स्रोतको उपयोग गरिनु स्वभाविक नै हो । त्यसैलै प्रस्तुत लेख सामान्यतः सहायक सामग्रीमा आधारित रहेर तयार पारिएको छ । लेखलाई विश्वासनीय र भरपर्दो बनाउन सामग्रीहरुलाई परीक्षण र पुनः परीक्षण गरिएको छ । यस अनुसन्धानात्मक लेखमा उपयोग गरिएका कुराहरुलाई सकेसम्म दुई वा दुईभन्दा बढी स्रोतहरुबाट सत्यको नजिक पुर्‍याउने प्रयास गरिएको छ । प्राप्त सामग्रीहरु उपयोग गरी लेख तयार पार्दा ब्याख्यात्मक र विश्लेशणात्मक विधि प्रयोग गरिएको छ ।

## विषय प्रवेश

नेपालमा उच्च शिक्षा आर्जन गर्ने अवसर वैदिककालमा पनि विद्यमान थियो भन्ने कुरा विभिन्न स्रोतहरुमा उल्लेख गरेको पाइन्छ । 'वैदिक कालको शिक्षा, जसलाई संस्कृत शिक्षा भन्ने गरिन्छ, त्यो शिक्षामा पनि गुरुकुल, ऋषिकुल, देवकुल, पितृकुल तथा राजकुल जस्ता प्रणालीहरु प्रचलित रहेका थिए । गुरुकुल शिक्षा पद्धति अङ्ग्रेजी शिक्षा पद्धतिको जग नबसुन्जेलसम्म एकछत्र प्रचलनमा रहेको पाइन्छ (कोइराला र अन्य, २०६५ : ३३४) ।' गुरुकुल शिक्षालयहरु शहरिया वातावरण तथा मानिसहरुको धेरै आवतजावत हुने स्थानभन्दा भिन्न स्थानमा जस्तै जङ्गल, नदीनालाका किनारहरु आदिमा स्थापना गरिएका हुन्थे । त्यस्ता शिक्षाका केन्द्रहरु आधिकारिक रुपमा संस्थागत स्वीकृत नभएर गुरुका आश्रमरुपी हुन्थे । गुरुहरु उच्च आचरणमा रहन्थे ,जसको छाप उनीहरुका शिश्यहरुमा स्वत पर्दथ्यो । यही प्रणाली अन्तरगत भगवान रामले वशिष्ठ ऋषिको आश्रामबाट र सुदामा तथा भगवान श्रीकृष्णले शान्दिपिणी ऋषिको आश्रमबाट शिक्षा आर्जन गरेका थिए जुन शिक्षा आजको उच्च शिक्षा भन्दा अब्बल दर्जाको हुने गर्दथ्यो भन्ने कुरामा कुनै संका छैन । त्यो बेलादेखि आजको समयसम्म समाजमा आस्थाको प्रभाव जमाउन सफल वेदको अध्यन गर्ने अवसर महिला र पुरुष दुवैलाई समान थियो । त्यसमा पनि वेदको विधिवत अध्ययन समाप्त गरी सकेपछि वेद तथा विभिन्न शास्त्रका विद्धानहरुको विद्धत् सभालाई विद्यार्थीहरुले आफूले आर्जन गरेको ज्ञान, सीप, शील, स्वभाव र शास्त्रार्थले सन्तोष गराउन सके मात्र उनीहरु विद्यामा स्नातक हुन्थे । 'वेदको अध्ययन पश्चात गृहस्थाश्रममा बस्ने महिलालाई सधोबधु र सन्यास लिने महिलालाई व्रह्मवादिनीको उपमा दिने प्रचलन थियो (कोइराला र बिडारी : ३३४) ।' उच्च शिक्षाको समकक्षको शिक्षाको विकास लिच्छवीकाल मल्लकालमा पनि कायम रहेको पाइन्छ जसलाई प्रमाणित गर्ने प्रमाणहरुका रुपमा पाटी, पौवा, मठमन्दिर र देवालयकाहरु खडा रहेका छन् ।

लिच्छवीकालीन नेपालमा संस्कृत भाषा र नेपाल भाषमा लेखिएका शिलालेखहरुबाट नेपालमा उच्च शिक्षाको विकास उन्नत अवस्थामा थियो भन्न सकिन्छ । 'प्राचीन नेपालमा सार्वजनिक रुपमा शिक्षा दिने कुनै प्रबन्ध भएको साहित्यिक एवं पुरातात्विक प्रमाण पाइँदैन (क्षेत्री र रायमाझी, २०६० : १२७) ।' चिनीया यात्री हु-एन-साङ्गले आफ्नो यात्रा वृतान्तमा नेपालमा अंशुबर्मा नामका राजा छन् र यी राजा आफ्नो विद्या र चातुर्यले प्रख्यात छन्, उनले शब्दविद्या विषयक किताव बनाएका छन्, उनले विद्याको कदर गर्दछन् र उनको गुणको जतातत‌ै कीर्ति फैलिएको छ भनी उल्लेख गरेका थिए । 'लिच्छवीराजाहरु धेरै विद्वान थिए । यिनै यात्रीले आफ्नो वृतान्तको क्रममा शिक्षित राजा अशिक्षित जनता भन्ने उल्लेख गरेका थिए (भट्टराई, २०५२ : ५३) ।' अंशुवर्माले शब्दविद्यामा दैनिक लेख्ने गरेको पाइन्छ । त्यतिबेला वास्तुकला, शिक्षा, र औषधीविज्ञानको निकै प्रगति भएको कुरा विभिन्न स्रोतहरुमा उल्लेख गरेको पाइन्छ । 'लिच्छवीकालमा संस्कृत र पाली भाषामा शिक्षा दिइन्थ्यो । भारतमा संस्कृतलाई राजभाषाको मान्यता दिएकोले नेपालमा पनि संस्कृत भाषाको प्रभाव बढी थियो (भट्टराई, २०५२ : १५०) ।' मध्यकालीन शिक्षा दुईभागमा विभक्त थियो । प्रथम भागमा आध्यात्मिक शिक्षा पर्दथ्यो जसमा धर्म, दर्शन र सङ्गीत पर्दथे जुन उच्च घरानाले लिने शिक्षा थियो । त्यो शिक्षा आनन्द प्राप्तिको लागि लिइने शिक्षा थियो । दोस्रो तहको शिक्षा जीवनमूलक थियो जसले जीवनयापन गर्ने कला सिकाउने गर्दथ्यो ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 1 Year: 2024
***********************************

मल्लकालको प्रारम्भतिर नेपालको नजिक पर्ने भारतीय क्षेत्रका नालान्दा, विक्रमशील जस्ता शैक्षिक केन्द्रहरुले नेपालको शिक्षामा निकै सहयोग गरेको पाइन्छ । मध्यकालमा बौद्ध धर्मसँग सम्बन्धित शिक्षाले प्राथमिकता पाएकोमा नवौं शताव्दीतिर शङ्कराचार्यको आगमन पश्चात बौद्ध शिक्षाभन्दा हिन्दू धर्म सम्बद्ध शिक्षाले प्राथमिकता पाउन थालेको थियो । भारतमा मुस्लिम अत्याचार बढेपछि त्यसको मारबाट बाँच्न नालन्दा तथा विकाशील जस्ता विख्यात शिक्षा केन्द्रका प्राचार्यहरु नेपाल प्रवेश गरी यहाँको शैक्षिक विकासमा योगदान दिएका थिए । 'मल्लराजाहरु सिद्धिनरसिहं मल्ल, भूपतिन्द्र मल्ल, प्रताप मल्ल, जगतप्रकास मल्ल, जगज्योति मल्ल, योगनरेन्द्र मल्ल आदि राजाहरु साहित्य, सङ्गीत, कला, दर्शनका क्षेत्रमा पारङ्गत हुनुका साथै जीवन उपयोगी शिक्षाका पनि ज्ञाता थिए (भट्टराई, २०५२ : १५५) ।' मध्यकालमा धार्मिक परम्पराले शिक्षालाई प्रभावित पारेको थियो । 'वेद, गीता, रामायण, बाइवल, कुरान र त्रिपिटक जस्ता धार्मिक ग्रन्थहरुबाट शिक्षा बढी प्रभावित थियो (खड्का, २०७३ : १०) ।' यसै सन्दर्भमा हर्क गुरुङ्को भनाइमा मुसलवान र क्रिश्चियनहरुको धम्कीको सामना भारतका हिन्दुहरुले गर्न नसक्दा तिनीहरुको दवाव र प्रभावबाट बँच्न कट्टर हिन्दू व्राम्हणहरु नेपालमा सङ्गठित भई नेपाली भाषालाई मातृभाषा बनाउनु पनि पछौटेपनको कारण थियो । शाहकालमा पनि उच्च शिक्षाको विकासका लागि प्रयासै भने नगरिएका होइनन् । 'पृथ्वीनारायण शाहले उच्चशिक्षाको अध्यनका लागि बुद्धिमान सिँहलाई मासिक रु २० छात्रवृत्ति दिई भारतमा फारसी पढ्न पठाएका थिए भने पण्डित केशरीलाई मासिक रु ५० छात्रवृत्ति दिई संस्कृत पढ्न बनारस पठाएका थिए (उपाध्याय, २०५२ : ४२)।' त्यसैगरी रणबहादुर शाहले लक्ष्यपति पाँडेका भाइ गौरीपति पाँडेलाई छात्रवृत्ति दिएर बनारसमा पढ्न पठाएका थिए । वीरशमशेरले आफ्ना जेठाछोरा गेहेन्द्र शमशेरसमेत पाँच जना नेपाली युवाहरुलाई छात्रबृत्ति दिई प्राविधिक शिक्षाको अध्ययनका लागि जापान पठाएका थिए ।

उच्च शिक्षाका सन्दर्भमा यहाँ कस्तो शिक्षालाई उच्च शिक्षा भन्ने र यसको मापनको आधार के हो ? भन्ने जस्ता कुराको पनि सामान्य चर्चा गर्नु वान्छनीय देखिन्छ । समाजको आवश्यकता अनुसारको शिक्षा लिने, व्यवहारमा प्रयोग गर्ने र थप नयाँ जानकारीका प्रयासहरु गर्दै जाने क्रममा समाजका सचेत नागरिकहरु कहिल्यै पनि रोकिएको देखिँदैन । त्यसैले समाजका सदस्यहरुले जुन समयमा जुन पहिरन प्रचलनमा लिए त्यो नै त्यस बेलाको समाजको वास्तविक पहिरन भए जस्तै हो शिक्षा । त्यसैले समाजको आवश्यकता अनुसार फरक-फरक समयमा फरक-फरक स्वभावमा शिक्षा लिने र दिने प्रचलन देखिनु स्वभाविकै हो । त्यसैले समय र परिवेशअनुसार उच्च शिक्षाको परिभाषा पनि फरक-फरक तरिकाले परिभाषित गरिनु स्वभाविकै हो । त्यसैले आजको परिवेशमा उच्च शिक्षाको कुरा गर्दा वर्तमान समयकै परिभाषालाई सर्वोपरि मान्नु र त्यसैअनुसारको खोज अध्ययन गर्नु स्वभाविकै हो । त्यसैले आजको परिवेशले मानेको मान्यताअनुसार उच्च शिक्षा भन्नाले उच्च शिक्षाका शिक्षण संस्था र विश्वविद्यालयबाट प्रदान गरिने स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षालाई जनाउँछ । त्यसैगरी आलेमु २०१८ ले उच्च शिक्षा भन्नाले पोष्ट सेकेन्डरी वा टर्सिअरी दुवै तहलाई जनाउँछ भनेका छन् । उच्च शिक्षाको परिभाषा पनि संसारका सवै मुलुकहरुमा समान रुपले परिभाषित गरेको देखिदैन ।

उच्च शिक्षा कस्तो शिक्षा हो ? संसारमा उच्च शिक्षाको सुरुवात कहाँबाट र कहिलेदेखि भयो ? भन्ने विषय यकिनसाथ भन्न सकिने अवस्था छैन । वैदिककालमा उच्च शिक्षाको उल्लेख भएको र उच्च शिक्षाको उद्देश्य ज्ञान र सीपको विकास गर्नु रहेको देखिन्छ । मानव विकासको क्रमसँगै समाजका अध्यनशील व्यक्तिहरुले प्राप्त गर्ने गरेको ज्ञान र सीप वर्तमान समयका उच्च शिक्षालय र विश्वविद्यालयहरुले प्रदान गर्ने गरेको उच्च शिक्षाको समकक्ष देखिएकाले त्यसलाई उच्च शिक्षाको विकाससँग जोड्ने वा नजोड्ने अलमलको विषय रहेको छ । नेपालमा उच्च शिक्षाको विकास परापूर्वकालदेखि नै भएको तर यसरी विकास भएको शिक्षाद्वारा प्रशिक्षित भएका शिक्षार्थीहरुलाई औपचारिक रुपमा प्रमाणपत्र दिने आधिकारिक संस्था र प्रचलन नरहेकाले त्यसलाई उच्च शिक्षा मान्ने वा नमान्ने भन्ने विषय वहसकै विषय रहेको छ । तथ्यका आधारमा उच्च शिक्षाको विकासको कुरा गर्ने हो भने देशमा विधिवत तरिकाले उच्च शिक्षालय वा विश्वविद्यालयको स्थापना गरी उच्च शिक्षा दिने काम जहिलेदेखि सुरु गरियो त्यही मितिदेखि नै उच्च शिक्षाको सुरुवात भएको देखिन्छ । यसको अर्थ नेपालमा औपचारिक शिक्षाको सुरुवात हुनुभन्दा अगाडि नेपालीहरुले उच्च शिक्षाको अवसर नै पाएका थिएनन् भन्ने होईन । गुरुकुल शिक्षाको समयमा पनि नेपाल र दक्षिण पूर्व एसियाका धेरै विद्यार्थीहरुले नालन्दा विश्वविद्यालयमा अध्यन गरेका थिए भने नेपालका पण्डित बागिश्वरकीर्ति नालान्दा विश्वविद्यालयका अध्यापक थिए । नेपाल पनि शिक्षा र कलाको क्षेत्रमा निकै अग्र स्थानमा

रहेको थियो । एघारौं शताब्दीमा पाटन, फर्पिङ, काठमांडौं आदि विद्याका केन्द्र थिए । पाटनका पण्डित महाँ करुणाकर प्रसिद्ध थिए भने नेपाली विद्वान विभुतिचन्द्रले ठूलो ब्याकरणको पुस्तक लेखेका थिए ।

नेपालमा औपचारिक शिक्षाको सुरुवात वि.सं.१९१० बाट भएको र यसका जन्मदाता जङ्गबहादुर राणा थिए भन्ने कुरामा कुनै विवाद छैन । 'सन् १८५०–५१ मा प्रथम नेपाली प्रधानमन्त्रीका रुपमा जङ्गबहादुरले बेलायतको भ्रमण गरेका थिए । त्यसबेला उनी त्यहाँको मानव निर्मित विकास निर्माणबाट ज्यादै प्रभावित भई त्यसको रहस्य बुझ्दा विकासको आधार अङ्ग्रेजी शिक्षा नै रहेछ भन्ने ठम्याइमा पुगेका थिए (के. सी, २०५७ : १६६) ।' त्यसैले अङ्ग्रेजी भाषाको माध्यामबाट शिक्षा दिने गरी औपचारिक शिक्षा सुरु भएको थियो । यसरी सुरु गरिएको औपचारिक शिक्षा समय र आवश्यकताको मागअनुसार परिमार्जन र विकास हुँदै अगाडि बढ्ने क्रममा विभिन्न तह र परिवेश पार गर्दै आजको अवस्थामा आएको देखिन्छ । यसरी शैक्षिक विकास हुँदै जाँदा औपचारिक शिक्षालाई विभिन्न चरणहरुमा विभाजन गरियो । यसरी शिक्षाको विभाजनको चरणलाई शिक्षाको संरचना भनिन्छ । शिक्षाको संरचनामा सवैभन्दा माथिल्लो तह उच्च शिक्षाको तह हो ।

वि.सं.१९०६ को वेलायत भ्रमणको समयमा अङ्ग्रेजी शिक्षा र यसले बेलायतमा गरेको विकासको प्रभावले जङ्बहादुरमा श्रृजना भएको अङ्ंग्रेजी शिक्षाप्रतिको सकारात्मक सोंचका कारण उनीमा जुन अङ्ग्रेजी शिक्षाप्रति आशक्तता बढ्यो , त्यही आशक्तता नै नेपालमा अङ्ग्रेजी शिक्षाको विजारोपण गर्न प्रोत्साहित गर्ने तत्व थियो । 'आफ्ना छोराछोरीहरुको उज्जवल भविष्यका लागि र अङ्ग्रेजहरु निकटसँग सम्बन्ध कायम राख्नका लागि आफ्नै थापाथली दरवारको दाखलचोकको भुइँ तलामा वि.सं.१९१० मा अङ्ग्रेजी स्कुल स्थापना गरेका थिए (कोइराला, विडारी र अन्य, २०६६ : ३३८) ।' त्यही स्कुल नै नेपालमा औपचारिक शिक्षाको सुरुवाती थियो । नेपालमा एउटा व्यक्तिको पारिवारिक मोह र व्यक्तिगत स्वार्थका कारण सुरुवात गरिएको अङ्ग्रेजी शिक्षाको क्रमिक विकास नै आजको औपचारिक शिक्षाको जग हो । यसरी सुरु भएको औपचारिक शिक्षाको क्रमिक विकास हुँदै जाने क्रममा वि.सं.१९७५ मा उच्च शिक्षाको लागि राणा प्रधानमन्त्री चन्द्रशमशेरको कार्यकालमा नेपालमा पहिलो पटक दरवार स्कुलको मजलिस घरमा त्रिभुवन चन्द्रशमशेर कलेज स्थापना भई नेपालमा पहिलो कलेज स्तरीय शिक्षाको अध्ययन कार्य सुरु गरिएको थियो । यसरी सुरु गरिएको कलेज नेपालको उच्च शिक्षाको इतिहासमा एउटा कोशेढुङ्गा सिद्ध भयो । सुरुमा इन्टरमिडियट तहको कला र विज्ञान विषयको अध्यन गर्ने अनुमति प्राप्त गरेको भए तापनि आफ्नो श्रोत र साधनको उपलब्धताको आधारमा कला तर्फको पढाई तुरुन्तै र विज्ञान तर्फको पढाई वि.सं.१९७७ देखि सुरु गरेको थियो । कलातर्फ अंग्रेजी, नेपाली, संस्कृत अनिवार्य विषय थिए भने अन्य विषयमा तर्कशास्त्र, गणित र इतिहास विषयहरु र विज्ञानका अन्य विषयहरुमा फिजिक्स र केमिष्ट्री थिए । औपचारिक रुपमा नेपालमा सुरु गरिएको यस कलेजको प्रथम प्रिन्सिपल वटुकृष्ण मैत्री थिए ।

पटना विश्वविद्यालयसँग लिएको पहिलो सम्बन्धनको विषय आइ. एस्सी. थियो । सन् १९२४ मा यस कलेजको नामलाई परिमार्जन गरी छोटकरीमा त्रिचन्द्र कलेज राखिएको थियो भने त्यसै वर्ष स्नातक तहको पढाइ पनि संञ्चालन गरिएको थियो (उपाध्याय, २०५२ : ५१) । वि.सं.१९८६ देखि पटना विश्वविद्यालयको परीक्षाकेन्द्र काठमाडौंमा सुरु गरिएको थियो जुनबेला नेपालमा दरवार हाइस्कुल र पाटन हाइस्कुल मात्र सञ्चालनमा थिए । पहिलो परीक्षा नियन्त्रक नन्दराम उप्रेति थिए भने पहिलो वर्षको परीक्षामा दरवारका २७ र पाटनका ७ गरी ३३ जना विद्यार्थीएले परीक्षा दिएकोमा १० जना दोस्रो र ९ जना तेस्रो श्रेणीमा गरी १९ जना उत्तीर्ण भएका थिए । 'चन्द्रशमशेरले अङ्ग्रेजी शिक्षातर्फ मात्र नभएर संस्कृत शिक्षातर्फ पनि त्यत्तिकै जोड दिएका थिए । उनकै शासनकालमा खुलेका मटिहानी र जनकपुरका संस्कृत विद्यापीठका विद्यार्थीहरु दरभंगाको विहार विश्वविद्यालयबाट संस्कृतमा मध्येमा, शास्त्री र आचार्यको परीक्षामा सामेल हुन्थे (के.सी, २०५७ : १६७) ।' सुरुमा त्यो कलेजको सम्बन्धन कलकत्ता विश्वविद्यालय अन्तरगत थियो भने सन् १९२० देखि त्यो सम्बन्धनलाई पटना विश्वविद्यालयमा सारिएको थियो ।

यसरी देशमा उच्च शिक्षाको दीर्घकालीन विकासको लक्ष्य पुरागर्ने उद्देश्यका साथ संञ्चालन गरिएको शैक्षिक अभियान पूरा गर्नको लागि नभइ नहुने आधारभूत कुराहरुमध्ये भौतिक पूर्वाधार पहिलो आवश्यकता हो भन्ने कुरालाई मनन् गरेरै चन्द्रशमशेरले नै त्रिचन्द्र कलेजको भवन निर्माण गरेका थिए । उनले वीर पुस्तकालय र घण्टाघरको नजिकै

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 1 Year: 2024
*************************************

रहेको गेहेन्द्र शमशेर, उनका छोरा भैरव शमशेर र जनक शमशेरको जग्गामा जम्मा १४ महिना लगाएर त्यो भवन निर्माण कार्य पूरा गरी वि.सं. १९७६ आश्विन २७ गतेका दिन श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको हातबाट पहिलो वर्षको कक्षा कोठामा लगाइएको चाँदीको ताल्चा, चाँदीकै साँचोबाट खोली उद्घाटन गरिएको थियो । भवनको उद्घानमा चन्द्रशमशेर सबैका समक्ष भनेका थिए कि 'म आफ्ना खुट्टामा आफै बन्चरो हान्दै छु(गौतम, २०५० : ८२) ।' नेपालमा चन्द्रशमशेरको शासनकालमा त्रिचन्द्र कलेज खुलेको भए तापनि शिक्षाको विकास हुन सकेको थिएन । तैपनि त्रिचन्द्र कलेजका साथै भारतका शिक्षण संस्थाहरुबाट अनेकौ नेपालीहरु पढेर आएका थिए । नेपालमा त्रिचन्द्र कलेजको स्थापना भई उच्च शिक्षाको लहर आउन थालेको जस्तो देखिए तापनि वास्तवमा त्यस्तो थिएन । विश्वमा भएको महायुद्धले सारा एसियामा जागृति र चेतनाको लहर ल्यायो भने भारतीय स्वतन्त्रता सङ्ग्रामले पनि नेपालको तानाशाही राणा शासनको स्थानमा वैधानिक शासनको कुरा चल्न थालेका कारण राणाहरुले पनि आफ्नो सोंचमा परिवर्तन गर्नु परेको थियो ।

राणा प्रधानमन्त्री चन्द्रशमशेर शिक्षा प्रेमी र परिवर्तकारी जस्तो देखिए तापनि शिक्षाको विकास राणा शासनको विनासको बिउ हो भन्ने कुरामा विश्वस्त थिए । त्यसैले उनले सन् १९१० मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना गरी अवउप्रान्त यस समितिको स्वीकृति विना कुनै पनि किताव र लेख प्रकाशन गर्न पाइने छैन भनी प्रतिबन्द लगाएका थिए । वास्तवमै राणाहरु नेपालमा शिक्षाको विकास गर्न चाहादैन्थे भन्ने कुरालाई प्रजातन्त्रवादी नेता रामहरि शर्मा भन्दछन् । 'राणा जङ्गवहादुर र चन्दशमशेरले बेलायत र पश्चिमी मुलुक वा केही मुलुकहरुको भ्रमण गरी त्यहाँका प्रतिनिधिहरुले चलाएको शाश्वत र उनीहरुले गरेको प्रगतीको अध्ययन गरी आएका व्यक्तिहरुले अशिक्षित र गरिव नेपालीलाई साम्राज्यवादीहरुको हातमा बेच्ने घिर्णित काम गरे तापनि राणाहरुले रोक्दा रोक्दै पनि नेपालीहरु भारतमा बसेर शिक्षा दीक्षा हाँसिल गर्नथाले (शर्मा, २०४३ : २७) ।' राणा शासनमा सुरु गरिएको औपचारिक शिक्षा वा अङ्ग्रेजी शिक्षा वास्तवमा राणा परिवारको उत्थानका लागि खोलिएको शिक्षा हो । विश्व परिवेशमा आइरहेको परिवर्तन र त्यसमा पनि भारतमा भइरहेको परिवर्तको लहरका सामु वाध्य भई शैक्षिक सुधार थालेको देखिन्छ । तासकन्दामा भएको एसियाली लेखकहरुको सम्मेलनमा नेपालको तर्फवाट भाग लिन गएवापत महाकवि लक्ष्मीप्रशाद देवकोटाको एकेडेमीको सदस्यको हैसियतले पाउनु पर्ने तलव समेत रोक्का भएको थियो ।

नेपालमा उच्च शिक्षा दिने काम यदाकदा आफू खुसी पनि गरेको देखिन्छ । वि.सं. १९८० देखि प्रधान पण्डित शोमनाथले आफूखुसी विभिन्न विषयमा आचार्य र शास्त्रीसमेत पढाउन थालेको र दुई चार जनालाई उतीर्ण पनि गराउँदै पाठशालामार्फत शास्त्री पढाउने व्यवस्था गरिदिएका थिए । यसका साथै 'जनकपुरको मटिहानीमा रहेको एक संस्कृत पाठशालाले विहार तर्फको संस्कृत कलेजसँग सम्बन्धन कायम गरी मध्यमा र शास्त्री तहको परीक्षा समेत लिन थाल्यो (पाण्डे र अन्य, सन्. १९५६ : ८४) ।' यसरी नेपालमा पहिलो पटक सञ्चालन गरिएको कलेजमा भर्ना हुने विद्यार्थी सङ्ख्या के कस्तो रहेको थियो भन्ने सम्बन्धममा अध्ययन गर्दा सर्वप्रथम त्रिभुवन चन्द्रशमशेर कलेज खुल्दा त्यहाँ भर्ना भएका विद्यार्थी सङ्ख्या के कति थियो भन्ने विषयमा मतान्तर देखिन्छ । कसैले २४ जना, कसैले २९ जना र कसैले ८ जना भनी उल्लेख गरेका छन् । सन् १९१८–१९ को प्राप्त कागजातका आधारमा ८ जना र १९१९–२० मा पनि ८ जना नै छात्रहरु भर्ना भएको देखिन्छ । चन्द्रशमशेरले जस्तोसुकै भए पनि उच्च शिक्षाको विकासका लागि इतिहासले उल्लेख गर्नै पर्ने काम गरेका थिए । उनले विदेशमा गएर उच्चशिक्षा प्राप्त गर्न चाहाने विद्यार्थीहरुका लागि छात्रवृतिको व्यवस्था पनि गरेका थिए । उनले सरकारी खर्चमा प्राविधिक शिक्षा प्राप्त गर्न नेपाली युवालाई जापान पठाएका थिए भने केही विद्यार्थीलाई मासिक ६०/७० रुपैयाँ दिई पटनामा इन्जिनियरिङ पढ्न पठाएका थिए । त्यसैगरी पटनामा ओभरसियर पढ्नजाने विद्यार्थीहरुको लागि वार्षिक ७२० रुपैयाँ छात्रवृत्ति दिने व्यवस्था गरेका थिए । त्यसैगरी केही विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरी कलकत्तामा चिकित्सा विषय पढ्न पठाएका थिए । उनले प्रत्येक जिल्लावाट २ जना विद्यार्थीका दरले आयुर्वेद शिक्षा प्राप्त गर्न भारत पठाउने व्यवस्था पनि गरेका थिए ।

राणा शासनका अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले आफ्नो पहिलो सिन्दुर यात्राको अवसरमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा व्यक्त वक्तव्यमा नेपालमा विश्वविद्यालय स्थापना गर्ने कुरा उल्लेख थियो । त्यसैले मोहन शमशेरको कार्यकालमा नेपालमा सानो आकारको एउटा विश्वविद्यालय खोल्ने प्रयास सुरुको समिति गठन गरिएको थियो । त्यसका लागि शिक्षा विभागका तत्कालिन डाइरेक्टर जनरल मेजर मृगेन्द्र शमशेर ज. ब. राले भारतमा समेत पत्र पठाएर सल्लाह सुझाव र सहयोग मागेका थिए । यता नेपालमा २५ सदस्यीय एउटा विश्वविद्याल योजना

समितिको गठन गरिएको थियो । पद्मशमशेरको समयमा पनि विश्वविद्यालय स्थापनाको समेत कुरा उठेको थियो । वि.सं.२००७ सालको नेपालको शैक्षिक अवस्था हेर्दा प्राथमिक विद्यालय सङ्ख्या ३१०, हाइस्कुल ११, संस्कृत विद्यालय ४० र कलेजको सङ्ख्या २ गरी जम्मा ३६३ शिक्षण सस्था रहेका थिए ।

## निष्कर्ष

नेपालको उच्च शिक्षा विकासको इतिहास अध्ययन गर्दा संस्थागत रुपमा औपचारिक तरिकाले आधिकारिक प्रमाणले पुष्टि गर्न सकिने गरी उच्च शिक्षा दिने प्रचलनको सुरुवात श्री ३ चन्द्रशमशेरले कलकत्ता विश्वविद्यालयको सम्बन्धनमा वि.सं.१९७५ मा त्रिभुवन चन्द्रशमशेर कलेजको स्थापना गरी गरेका थिए, तापनि नेपाल परापूर्वकालदेखि नै उच्च शिक्षाको केन्द्र भएको देखिन्छ । वैद्धिककालमा लेखिएका धार्मिक ग्रन्थ धार्मिक टिकाहरुमा गरिएका व्याख्याहरुमा नेपाल देशको वर्णन ज्ञानभूमि, तपोभूमि, देवभूमि र स्वपान क्षेत्र जस्ता उच्च बौद्धिक शव्दहरुवाट सम्बोधन गरिएकाले नेपाल उच्च शिक्षाको केन्द्र भएको देखिन्छ । लिच्छवीकालका राजाहरुका बारेमा यात्रवृतान्तहरुमा गरिएका वर्णनहरुलाई हेर्दा लिच्छवी राजाहरु सबै प्रकारको ज्ञानको मर्मज्ञ भएको बुझिन्छ । चीनिया यात्रुको वर्णनअनुसार लिच्छवी राजाहरु शिक्षित छन् तर जनताहरु भने अशिक्षित भन्ने भनाई उल्लेख गरिएबाट नेपालमा उच्च शिक्षाको विकास भएको थियो भन्ने कुरा सजिलै बुझ्न सकिन्छ । लिच्छवीकालमा राजपरिवार र उच्च घरानामा उच्च शिक्षाको अवसर थियो । मल्लकालको अध्यन गर्दा र मल्लकालमा निर्माण गरिएका मठ मन्दिर, सालिक, गुम्वा, स्तम्भ, शिलालेख र ताम्रापत्र आदिको अध्यन गर्दा र त्यस समयका राजाहरुले लिएका उपाधिहरुलाई अध्यन गर्दा मल्लकालमा पनि उच्च शिक्षा प्रदान गर्ने आधिकारिक र औपचारिक संघ संस्थाको स्थापना नभएता पनि औपचारिक प्रकृयाबाट प्रमाणपत्र दिने प्रचलन नभए तापनि हालको उच्च शिक्षाको समकक्षता भन्दा गुणस्तरिय शिक्षा दिने प्रचलन नेपाली समाजमा रहेको देखिन्छ ।आधुनिक नेपालको सुरुवातीसँगै शाह बंशीय राजाहरुको शाशनकाल सुरु भयो । पृथ्वीनारायण शाह नेपालका राजा बने । उनको मुख्य उद्देय राज्यको एकीकरण रहेकाले शिक्षामा खासै ध्यान दिन सकेनन् तापनि केही नेपालीहरुलाई छात्रवृत्ति दिइ उच्च शिक्षाको अध्यनका लागि विदेश पठाएको देखिन्छ । पृथ्वीनारायण शाहको समय पश्चात जङगवहादुरको उदय नहुन्जेलसम्म नेपालको राज्य सत्ता एकीकरण र शक्ति संर्घषमा केन्द्रित रहँदा शिक्षाको पाटो ओझेल पर्‍यो । जङ्गबहादुरको उदयसँगै नेपालमा वि.सं.१९१० मा औपचारिक शिक्षाको पनि जन्म भयो भने श्री ३ चन्द्रशमशरले वि.सं.१९७५ मा कलकत्ता विश्वविद्यालयको सम्बन्धनमा त्रीभुवन चन्द्रशमशशेर कलेजको स्थापना गरी उच्च शिक्षाको सुरुवात गरे । यही नै नेपालको औपचारिक उच्च शिक्षाको सुरुवात थियो । औपचारिक शिक्षाको सुरुवात वि.सं.१९७५ देखि भएको देखिए तापनि विदेशी उच्च शिक्षालयबाट नेपालीहरुले यो भन्दा धेरै पहिलेदेखि उच्च शिक्षा लिने गरेको देखिन्छ ।

## सन्दर्भसामग्री सूची

उपाध्याय, श्रीरामप्रसाद (२०५२), *नेपालको समाजिक आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

के.सी., सुरेन्द्र (२०५६), *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र अन्य (२०६६), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारहरु,* काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी, (२०६०), नेपालको इतिहास. काठमाडौं : एसिया पब्लिकेसन्स ।

खड्का, प्रतिभा (२०७५), *शिक्षा र विकास,* सुर्खेत : रुविना ओली ।

गुरुङ, हर्क (२०६५), *बहिष्करणदेखि समावेशीकरणसम्म,* काठमाडौं : समावेशीकरण अनुसन्धान कोष ।

गौतम, राजेश (२०५०), *राणाकालीन नेपालको झलक,* काठमाडौ : रत्नपुस्तक भण्डार ।

ज व रा, पुरुषोत्तम शमशेर (२०४७), *श्री तीनहरुको तथ्य वृतान्त,* वाराणसी : परमवीर शमशेर ज ब रा ।

देवकोटा, ग्रिष्मवहादुर (२०३३), *नेपालको राजनैतिक दर्पण,* वाराणसी : भट्टराई बन्धु प्रकाशन ।

पन्त, दिनेशराज (२०५७), *इतिहासका कुरा ,* काठमाडौं : बालकोसेली प्रकाशन ।

पाण्डे, रुद्रराज र अन्य (सन् १९५६),. *नेपालमा शिक्षा.* काठमाडौं : नेपाल कलेज अफ् एजुकेशन ।

वाग्ले, मनप्रसाद र उपेन्द्रकुमार कार्की (२०५२), *शिक्षाका आधारहरु.* काठमाडौं : गणेश हिमाल एजुकेशनल ।

भट्टराई, ज्ञानेश्वर (२०५२), *वृहत ज्ञानकोष,* बुटवल : लक्ष्मी पुस्तक सदन ।
यादव, पितामवरलाल (२०४६), *नपालको राजनैतिक इतिहास,* बिहार : विजय कुमार ।
शाही, डी.के. (२०५२), *सातसाल पछिको सातसाल,* काठमाडौं : साझा प्रकाशन ।
सिहं, नागेश्वर (२०६६), *शिक्षाका आधारहरु,* काठमाडौं : पैरवी प्रकाशन ।
सिंह स्वार, तारामान (२०३७), *केही शैक्षिक स्मरण,* काठमाडौं : नेपाल अम्बिकादेवी ।
शर्मा, देवीप्रसाद (२०४९),. *आधुनिक नेपालको इतिहास,* काठमाडौं : रत्नपुस्तक भण्डार ।
शर्मा, रामहरि (२०४३), *स्वर्णजयन्ती स्मारिका,* काठमाडौं : नेपाल प्रजा परिषद् ।